# लघुवित्त वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

**(2024/2025)**

## नेपाल राष्ट्र बैंक

## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

## चैत, २०८२

# विषय-सूची


**पेज नं.**

कार्यकारी सारांश

**खण्ड (१)**
**पृष्ठभूमि एवं नियमन व्यवस्था**

१.१ पृष्ठभूमि १
१.२ लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्नुका प्रमुख उद्देश्य १
१.३ निरीक्षण तथा सुपरिवेक्षणका आधार १
१.४ नियमन व्यवस्था २
१.५ लघुवित्त वित्तीय संस्थाहरुको विवरण ४
१.६ लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहूँच तथा शाखाको अवस्था ४

**खण्ड (२)**
**स्थलगत निरीक्षण**

२.१ निरीक्षण तथा सुपरिवेक्षण ६
२.२ लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण ६

**खण्ड (३)**
**गैरस्थलगत सुपरिवेक्षण**

३.१ लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण ८
३.२ निर्देशन अनुपालनाको स्थिति १७
३.३ वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्दा दिइएका निर्देशनहरु २०

**खण्ड (४)**
**विशेष तथा अनुगमन निरीक्षण**

४.१ विशेष तथा अनुगमन स्थलगत निरीक्षण २३

**खण्ड (५)**
**कार्यान्वयन**

५.१ कार्यान्वयन हुन बाँकी मुख्य कैफियतका निर्देशनहरु २४

**खण्ड (६)**
**नीति, योजना र आन्तरिक प्रशासन**

६.१ नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि २७

## तालिका सूची


| | | |
|---|---|---|
| तालिका १ | प्रमुख व्यवस्थाहरु | २ |
| तालिका २ | समष्टिगत स्थलगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरु | ६ |
| तालिका ३ | चुक्तापुँजी, प्राथमिक पुँजी र पुँजीकोष | ९ |
| तालिका ४ | जोखिम भारित सम्पत्ति कुल सम्पत्ति अनुपात | १० |
| तालिका ५ | लगानी | ११ |
| तालिका ६ | कर्जा तथा सापटको वर्गीकरण | ११ |
| तालिका ७ | कर्जा/बचत तथा सापटी अनुपात | १२ |
| तालिका ८ | गैर बैंक सम्पत्ति | १३ |
| तालिका ९ | प्रतिफलको स्थिति | १४ |
| तालिका १० | अनिवार्य नगद मौज्दात | १५ |
| तालिका ११ | तरलता | १५ |
| तालिका १२ | भारित औषत व्याजदर अन्तर | १६ |
| तालिका १३ | वित्तीय स्रोत परिचालन | १६ |
| तालिका १४ | लघु उद्यम (धितो) कर्जा कुल कर्जा अनुपात | १७ |
| तालिका १५ | विशेष स्थलगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्था | २३ |


## चार्ट सूची


| | | |
|---|---|---|
| चार्ट १ | लघुवित्त वित्तीय संस्थाहरुको पछिल्लो तीन वर्षको संख्या | ४ |
| चार्ट २ | लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहुँच तथा शाखाको अवस्था | ५ |
| चार्ट ३ | प्राथमिक पुँजी र पुँजी कोष अनुपात | १० |
| चार्ट ४ | निष्क्रिय कर्जा अनुपात तथा कूल कर्जा नोक्सानी व्यवस्था | १२ |
| चार्ट ५ | कर्जा/बचत तथा सापटी अनुपात | १३ |
| चार्ट ६ | प्रतिफलको स्थिति | १४ |


## अनुसूची


| | | |
|---|---|---|
| अनूसूची- १ | लघुवित्त संस्था सुपरिवेक्षण विभागको संगठन तालिका | २८ |
| अनूसूची- २ | लघुवित्त वित्तीय संस्था, सञ्चालन मिति, पुँजी, प्रमुख वित्तीय सुचकाङ्कहरुको सूची | २९ |
| अनुसूची- ३ | लघुवित्त वित्तीय संस्थाहरुको प्रगति विवरण | ३१ |

# कार्यकारी सारांश

नेपाल राष्ट्र बैङ्कको उद्देश्य हासिल गर्न सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गरी नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५ को उपदफा (१) (च) ले प्रदान गरेको जिम्मेवारी वहन गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभागबाट आफ्नो सुपरिवेक्षकीय दायराभित्र पर्ने यस बैङ्कबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य हुँदै आएको छ । विद्यमान विभिन्न ऐन तथा यस बैंकबाट जारी निर्देशन, संस्थाको प्रबन्धपत्र, नियमावली, कार्यविधिहरुमा भएका व्यवस्थाहरु संस्थाबाट पालना भए/नभएको सम्बन्धमा नियमितरुपमा निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्ने गरिएको छ ।

२०८२ असार मसान्तमा कुल ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । जसमध्ये राष्ट्रियस्तरका ३९, प्रदेशस्तरका ९ र क्षेत्रिय/जिल्लास्तर कार्यक्षेत्र भएका ४ संस्था रहेका छन् । सो मध्ये २ संस्था सर्वसाधारणहरुबाट निक्षेप स्वीकार गर्ने र बाँकी ५० संस्था सर्वसाधारणहरुबाट निक्षेप स्वीकार नगर्ने प्रकृतिका रहेका छन् । साथै, कुल ५२ संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्था ३ र खुद्रा कर्जा प्रदायक संस्था ४९ रहेका छन् । २०८२ असार मसान्तसम्ममा ५२ लघुवित्त वित्तीय संस्थाले ४,९३९ शाखा कार्यालय मार्फत लघुवित्त सेवा प्रदान गर्दै आएका छन् भने लघुवित्त संस्थाहरुको केन्द्र संख्या ४ लाख ७३ हजार, समूह संख्या १४ लाख ७८ हजार, सदस्य संख्या ६२ लाख २१ हजार तथा ऋणी संख्या २७ लाख ६ हजार रहेका छन् । लघुवित्त वित्तीय संस्थाको उपस्थिति ७७ वटै जिल्लामा रहेको छ । त्यसैगरी, २०८२ असार मसान्तमा लघुवित्त संस्थाहरुमा २१,७१७ कर्मचारीहरु कार्यरत रहेको देखिन्छ भने लघुवित्त वित्तीय संस्थाका प्रति शाखाले औसतमा १,२६० सदस्यहरुलाई सेवा दिइरहेका छन (अनुसूची-३) ।

नेपाल राष्ट्र बैंक, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को आधारमा यस विभागबाट स्थलगत, गैरस्थलगत, लक्षित, विशेष तथा अनुगमन निरीक्षण गरिँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा ४० वटा लघुवित्त वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण र २ वटा लघुवित्त वित्तीय संस्थाको विशेष स्थलगत निरीक्षण सम्पन्न गरिएको छ ।

२०८२ असार मसान्तमा कायम रहेका कुल ५२ लघुवित्त वित्तीय संस्थाहरुमध्ये ३५ संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण गरी आवश्यक थप निर्देशनसहित वार्षिक वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा लघुवित्त वित्तीय संस्थाको बचत तथा सापटी ७.७५ प्रतिशत, कुल कर्जा ७.९५ प्रतिशत तथा जोखिम भारित सम्पत्तिमा ८.७२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने लगानीमा ४.६२ प्रतिशतले वृद्धि भएको देखिन्छ (तालिका-४, ५, ६ र ७) । अघिल्लो आर्थिक वर्षको तुलनामा यस आ.व.मा संस्थाहरुको निष्कृय कर्जा र कर्जा नोक्सानी व्यवस्था क्रमश: ७०.४१ र ३२.९७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ मा समग्र लघुवित्त वित्तीय संस्थाहरुको गैर बैकिङ सम्पत्ति कुल ६९ लाख रहेको देखिन्छ (तालिका-८) । लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिने सापटी रकमको व्याजदर घटेका कारण समग्रमा अघिल्लो आर्थिक वर्षको तुलनामा संस्थाहरुको व्याज खर्चमा ७.९३ प्रतिशतले कमी आई संचालन आम्दानी ५१.२५ प्रतिशत तथा खुद नाफा २१.३२ प्रतिशतले वृद्धि भएको देखिन्छ ( तालिका-९) ।

आर्थिक वर्ष २०८१/८२ मा स्थलगत निरीक्षण सम्पन्न गरिए पश्चात् तयार गरिएको निरीक्षण प्रतिवेदनमा औल्याइएका कैफियतहरु उपर प्रतिवेदन कार्यान्वयन गर्न नियमित रुपमा तीन महले विवरण तयार गरी थप

निर्देशन दिइएको छ । साथै, नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ मा अर्द्ध-वार्षिक रुपमा प्रतिवेदन कार्यान्वयनको स्थिति सूचित गर्नु पर्ने व्यवस्था रहे बमोजिम सबै लघुवित्त वित्तीय संस्थाहरुको कार्यान्वयन प्रतिवेदन तयार गरिएको छ ।

लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरु, उच्च व्यवस्थापन तहका कर्मचारीहरु लगायत अन्य कर्मचारीहरुसँग यस बैंकबाट हुने निरीक्षणका क्रममा देखिएका विभिन्न कैफियतहरु, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण, जोखिम व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम र बैंकबाट जारी एकीकृत निर्देशन, प्रचलित ऐन नियम तथा सुपरिवेक्षकीय विषयवस्तुमा समय समयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

# खण्ड (१)

# पृष्ठभूमि एवं नियमन व्यवस्था

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ समेतको आधारमा आर्थिक वर्ष २०८१/८२ मा यस विभागको सुपरिवेक्षकीय दायरा अन्तर्गत रहेका लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण गरिएको छ । यस विभागको उद्देश्य हासिल गर्न तथा काम कारवाहीलाई व्यवस्थित गर्न विभागीय संरचना अन्तर्गत गैर-स्थलगत सुपरिवेक्षण फाँट, कार्यान्वयन फाँट, आन्तरिक प्रशासन र नीति योजना फाँट, गुनासो सुनुवाई फाँट, विशेष निरीक्षण इकाई तथा अनुगमन इकाई गठन गरी कार्य विभाजन तथा कार्य सम्पादन हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकहरुको स्थलगत निरीक्षण जोखिममा आधारित भएर तथा अन्य वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण विद्यमान ऐन, नियम तथा निर्देशनहरुको अनुपालनामा आधारित भएर गर्ने गरेको छ । सोही अनुरुप लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण, गैरस्थलगत सुपरिवेक्षण, लक्षित निरीक्षण, विशेष निरीक्षण तथा अनुगमन निरीक्षण सम्बन्धित संस्थाहरुको संस्थागत अवस्थालाई विश्लेषण गरी विद्यमान ऐन, नियम, कानुन, विनियम साथै नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन/परिपत्रहरुको आधारमा गर्ने गरिएको छ ।

## १.२ लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्नुका प्रमुख उद्देश्य

लघुवित्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण गर्नुका प्रमुख उद्देश्य निम्नानुसार रहेका छन् ।

- लघुवित्त वित्तीय संस्थाहरुलाई प्रचलित ऐन, नियम, विनियम तथा यस बैंकबाट जारी निर्देशन/परिपत्रहरूको पालना गर्न लगाउने,
- लघुवित्त वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गर्न लगाउने,
- लघुवित्त वित्तीय संस्थाहरूसँग सम्बन्धित विशेष गरी बचत/निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्ने र वित्तीय परिसूचकका आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी समाधानका उपयुक्त उपाय अवलम्बन गर्ने ।

## १.३ निरीक्षण तथा सुपरिवेक्षणका आधार

लघुवित्त वित्तीय संस्थाहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता, प्रतिफल, तरलता, वित्तीय सक्षमता जस्ता पक्षहरूलाई दृष्टिगत गरी देहायका ऐन, नियम, विनियम तथा निर्देशन आदिको आधारमा निरीक्षण तथा सुपरिवेक्षण गर्ने गरिएको छ ।

- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- कम्पनी ऐन, २०६३
- नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४

- Onsite Inspection Manual, 2080
- Offsite Supervision Manual, 2080
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३
- नेपाल राष्ट्र बैंकबाट जारी नीति, एकीकृत निर्देशन/मार्गदर्शन,
- सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित सिद्धान्तहरू ( International Best Practices)
- लघुवित्त वित्तीय संस्थाहरुको प्रबन्धपत्र, नियमावली, कार्यविधि, निर्देशिका, साधारण सभा र सञ्चालक समितिबाट भएका निर्णयहरु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेखामान पद्धति

## १.४ नियमन व्यवस्था

यस बैङ्कबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ तथा आर्थिक वर्ष २०८१/८२ मा लागू हुनेगरी जारी भएका परिपत्रहरुमा गरिएका प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्।

**तालिका १**
**प्रमुख व्यवस्थाहरु**

| क.सं. | विषय | कायम गर्नुपर्ने व्यवस्था |
|---|---|---|
| १. | **न्यूनतम पुँजी (जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक पुँजी | ४% |
| | पुँजीकोष | ८% |
| २. | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल (Pass) (साँवा वा व्याजले भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा/सापट) | १% |
| | सूक्ष्म निगरानी (watch list) (साँवा वा व्याजले १ महिनादेखि ३ महिनासम्म भाखा नाघेका कर्जा/सापट) | ५% |
| | पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जा/सापट | ५% |
| | कमसल (Sub-standard) कर्जा/सापट (साँवा वा व्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाका नाघेका) | २५% |
| | शंकास्पद (Doubtful) कर्जा/सापट (साँवा वा व्याजले ६ महिना देखि बढीमा १ बर्षसम्म भाका नाघेका) | ५०% |
| | खराब (Loss): १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट | १००% |
| | निक्षेप तथा कर्जा सुरक्षण कोषमा सुरक्षण गरिएका कर्जा र लघुवित्त वित्तीय संस्थाले दावी भुक्तानी पाउने गरी बीमा गरिएको कृषिबाली तथा पशुपंक्षी कर्जाको हकमा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थाको न्यूनतम | २५ प्रतिशतले हुने रकम मात्र कर्जा नोक्सानी व्यवस्था गरे पुग्ने |
| | कर्जा प्रवाह गर्दा एकाघर परिवारका सदस्यको नाममा भएको धितो बाहेक अन्य व्यक्ति/संस्थाको नाममा भएको धितोमा मात्र प्रवाहित कर्जालाई सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था | २०% |
| ३. | **एउटै ग्राहक, फर्म, कम्पनि, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गर्नसक्ने कर्जा/सापट र लगानीको सीमा (अघिल्लो त्रयमासको प्राथमिक पुँजीको आधारमा)** | |
| | थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको सीमा | २५% |

| | | |
|---|---|---|
| | **खुद्रा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुको हकमा** | |
| | धितो लिई प्रवाह गरिने सबै किसिमको कर्जा | कुल कर्जाको बढीमा एक तिहाई |
| | विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामूहिक जमानीमा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रति समूह सदस्य बढीमा | रु.५ लाख र विगत २ वर्षदेखि कर्जा उपभोग गरी असल समूहमा परेका समूह सदस्यको हकमा रु.७ लाख |
| | नवीकरणीय उर्जा प्रविधि अर्न्तगत Solar Home System / Bio-gas प्रयोजनका लागि प्रति परिवार बढीमा | रु.३ लाख |
| ४. | **अनिवार्य मौज्दात अनुपात सम्बन्धी व्यवस्था** | **कम्तिमा** |
| | समूह, सदस्यहरुबाट संकलन गरेको व्यक्तिगत, समूहगत, विशेष बचत तथा सापटी कोषको | ०.५% |
| | सर्वसाधारणको समेत निक्षेप संकलन गरी खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको आफ्नो कूल निक्षेप दायित्वको | २% |
| ५. | **बैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कुल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | **कम्तिमा** |
| | सर्वसाधारणको समेत निक्षेप परिचालन गर्ने लघुवित्त वित्तीय संस्थाहरू | ४% |
| ६. | **तरल सम्पत्ति सम्बन्धी व्यवस्था** | **कम्तीमा** |
| | सर्वसाधारणबाट निक्षेप परिचालन नगर्ने लघुवित्त वित्तीय संस्थाले आफ्नो कुल निक्षेप दायित्वको न्यूनतम | २.५% |
| ७. | **वित्तीय स्रोत संकलन सीमा** | **बढीमा** |
| | वित्तीय श्रोत परिचालन समूह सदस्यहरुबाट *बचत, गैर सदस्यबाट निक्षेप, सापटी र डिवेञ्चरबाट संकलित रकम (अघिल्लो त्रयमास) को प्राथमिक पुँजीको आधारमा | ३० गुणा |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको (सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने वित्तीय संस्थाको हकमा) | १०% |
| ८. | **बचतमा व्याजदर** | **कम्तिमा** |
| | कर्जामा लिएको अधिकतम व्याजदरको | ५० % |
| ९. | **कर्जामा व्याज** | |
| | कर्जामा लिने अधिकतम व्याजदर | १५ % |

**<u>*बचत</u>**


*यस प्रतिवेदन प्रयोजनका लागि बचत भन्नाले खुद्रा लघुवित्त वित्तीय संस्थाहरुले संकलन गर्ने सम्पूर्ण बचत रकम तथा अन्य सर्वसाधारणहरुबाट निक्षेप संकलन गर्ने इजाजतपत्रप्राप्त संस्थाहरु (निर्धन लघुवित्त वित्तीय संस्था लि. र छिमेक लघुवित्त वित्तीय संस्था लि.) ले संकलन गरेको निक्षेप रकम समेतलाई बुझाउँछ ।*

## १.५ लघुवित्त वित्तीय संस्थाहरुको विवरण

२०८२ असार मसान्तमा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको संख्या ५२ रहेको छ ।

२०८२ असार मसान्तमा सञ्चालनमा रहेका ५२ लघुवित्त वित्तीय संस्थाहरुमध्ये राष्ट्रियस्तरका ३९, प्रदेशस्तरका ९ र क्षेत्रिय/जिल्लास्तर कार्यक्षेत्र भएका ४ संस्था छन् । उक्त संस्थाहरुको केन्द्र संख्या ४ लाख ७३ हजार, समूह संख्या १४ लाख ७८ हजार रहेको देखिन्छ भने सदस्य संख्या ६२ लाख २१ हजार तथा ऋणी संख्या २७ लाख ६ हजार रहेको छ । ती लघुवित्त वित्तीय संस्थाहरुले देशको ७७ वटै जिल्लामा सेवा पुऱ्याएका छन् । लघुवित्त संस्थाहरुमा २१,७१७ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ ।

**चार्ट नं. १**
**लघुवित्त वित्तीय संस्थाको पछिल्लो तीन वर्षको संख्या**





२०८० असार मसान्तसम्ममा ५७ लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा आ.व. २०८०/८१ मा ५ वटा संस्थाहरु मर्जर तथा प्राप्तिमा गएपश्चात् २०८१ असार मसान्तमा सो संख्या घटी ५२ संस्था कायम भएको देखिन्छ भने २०८२ असार मसान्तमा पनि संस्थाहरुको सख्या ५२ नै रहेको छ ।

२०८२ असार मसान्तमा कायम रहेका कुल ५२ लघुवित्त वित्तीय संस्थाहरु मध्ये थोक कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको संख्या ३ र खुद्रा कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको संख्या ४९ रहेको छ । ती लघुवित्त वित्तीय संस्थाहरु मध्ये सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने प्रकृतिका ५० रहेको छन् भने तोकिएका शाखाहरुमा सर्वसाधारणबाट समेत निक्षेप संकलन गर्ने संस्था २ (निर्धन उत्थान र छिमेक लघुवित्त वित्तीय संस्था) रहेका छन् ।

## १.६ लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहुँच तथा शाखाको अवस्था

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या ५,०१२ रहेकोमा २०८२ असार मसान्तमा कमी भई कुल शाखा संख्या ४,९३९ पुगेको छ । उपरोक्त शाखा संख्याहरुमा संस्थाको केन्द्रीय कार्यालय तथा क्षेत्रीय कार्यालयहरु समावेश गरिएको छैन । संस्थाहरुले सातवटै प्रदेशहरुमा सेवा प्रदान गर्दै आइरहेका छन् ।

**चार्ट नं. २**
**लघुवित्त वित्तीय संस्थाहरुको सेवाको पहुँच तथा शाखाको अवस्था**




लघुवित्त वित्तीय संस्थाहरुको शाखा कोशी प्रदेशमा ८५१ (१७.२३ प्रतिशत), मधेश प्रदेशमा १,०२६ (२०.७७ प्रतिशत), बागमती प्रदेशमा ७३२ (१४.८२ प्रतिशत), गण्डकी प्रदेशमा ५५३ (११.२० प्रतिशत), लुम्बिनी प्रदेशमा १,०८८ (२२.०३ प्रतिशत), कर्णाली प्रदेशमा २३७ (४.८० प्रतिशत) र सुदुरपश्चिम प्रदेशमा ४५२ (९.१५ प्रतिशत) रहेको छ ।

२०८१ असार मसान्तको तुलनामा लघुवित्त संस्थाहरुको शाखा संख्यामा आर्थिक वर्ष २०८१/८२ मा केही कमी आएको देखिन्छ । यस अवधिमा जम्मा ७३ शाखा कार्यालयहरु घटेका छन् । २०८१ असार मसान्तको तुलनामा कोशी प्रदेशमा संस्थाका शाखा कार्यालयहरुको संख्या सामान्य बढेको छ भने अन्य प्रदेशमा शाखा कार्यालयहरुको संख्या घटेको देखिन्छ । २०८१ असार मसान्तमा ५,०१२ शाखामार्फत ५९ लाख ५९ हजार सदस्यहरुलाई सेवा दिदै आइरहेकोमा २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाको शाखा संख्या ४,९३९ रहेको र कुल सदस्य संख्या ६२ लाख २१ हजार सदस्य रहेकोले लघुवित्त वित्तीय संस्थाको एउटा शाखाले औसतमा १,२६० सदस्यहरुलाई सेवा दिइरहेको देखिन्छ ।

# खण्ड (२)
# स्थलगत निरीक्षण

## २.१ निरीक्षण तथा सुपरिवेक्षण

विभागले नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ तथा Onsite Inspection Manual, २०८० को अधिनमा रही यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको काम कारवाहीबाट बचतकर्ता, लगानीकर्ता एवम् अन्य सरोकारवालाहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्वीकृत वार्षिक कार्ययोजना अनुसार समष्टिगत स्थलगत निरीक्षण, लक्षित निरीक्षण, अनुगमन/विशेष स्थलगत निरीक्षण गर्ने गरेको छ। इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुमध्ये स्वीकृत कार्ययोजना अनुसार निरीक्षण अवधिसँग तुलनात्मक रुपमा लामो अवधिसम्म निरीक्षण नभएका संस्थाहरुलाई प्राथमिकताको आधारमा संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण गर्दै आएको छ । संस्थाको वर्तमान सञ्चालन स्थितिको आधारमा संस्थागत सुशासन, तरलता, सरोकारवाला पक्षहरु जस्तै लगानीकर्ता, कर्मचारी, बचतकर्ता, कर्जा उपभोक्ता जस्ता पक्षहरुलाई लक्षित गर्दै स्थलगत निरीक्षण गर्ने गरिएको छ भने यस बैंकवाट दिइएका निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन निरीक्षण गर्ने गरिएको छ। यस्तै, संस्थाको वारेमा विभिन्न निकायहरुवाट प्राप्त उजुरी तथा गुनासोको आधारमा विशेष स्थलगत निरीक्षण समेत गर्ने गरिएको छ।

## २.२ लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण

आर्थिक वर्ष २०८१/८२ मा ४० वटा लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण गर्ने स्वीकृत कार्ययोजना रहेकोमा लक्ष्य बमोजिमनै संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ।

**तालिका २**
**आर्थिक वर्ष २०८१/८२ मा समष्टिगत स्थलगत निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरुको विवरण**

| सि.नं. | संस्थाको नाम | ठेगाना | देखि | सम्म |
|---|---|---|---|---|
| १ | सिवाईसि नेपाल लघुवित्त वित्तीय संस्था लि. | कास्की पोखरा | २०८१/०४/२७ | २०८१/०५/०६ |
| २ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. | विराटनगर, मोरङ | २०८१/०४/२८ | २०८१/०५/०९ |
| ३ | उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लि. | सिद्धार्थनगर, रुपन्देही | २०८१/०५/०५ | २०८१/०५/१४ |
| ४ | नाडेप लघुवित्त वित्तीय संस्था लि. | गजुरी, धादिङ | २०८१/०५/०५ | २०८१/०५/१६ |
| ५ | गणपति लघुवित्त वित्तीय संस्था लि. | शुक्ला गण्डकी, तनहुँ | २०८१/०५/०९ | २०८१/०५/१८ |
| ६ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. | गैंडाकोट, नवलपुर | २०८१/०५/०९ | २०८१/०५/२० |
| ७ | युनिक लघुवित्त वित्तीय संस्था लि. | कोहलपुर, बाँके | २०८१/०५/१६ | २०८१/०५/२५ |
| ८ | मिथिला लघुवित्त वित्तीय संस्था लि. | ढल्केवर, धनुषा | २०८१/०५/२३ | २०८१/०६/०१ |
| ९ | वीन नेपाल लघुवित्त वित्तीय संस्था लि. | वनेपा, काभ्रेपलाञ्चोक | २०८१/०५/२४ | २०८१/०६/०४ |
| १० | आत्मनिर्भर लघुवित्त संस्था लि. | घोराही, दाङ | २०८१/०५/२८ | २०८१/०६/०६ |
| ११ | उपकार लघुवित्त वित्तीय संस्था लि. | कोहलपुर, बाँके | २०८१/०७/०१ | २०८१/०७/१० |
| १२ | समाज लघुवित्त वित्तीय संस्था लि. | मलंगवा, सर्लाही | २०८१/०७/०१ | २०८१/०७/१० |
| १३ | गुराँश लघुवित्त वित्तीय संस्था लि. | कर्पोरेट कार्यालय विराटनगर | २०८१/०७/०३ | २०८१/०७/१२ |

| | | | | |
|---|---|---|---|---|
| १४ | समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | वनेपा, काभ्रेपलाञ्चोक | २०८१/०८/०४ | २०८१/०८/१६ |
| १५ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | तिलोत्तमाम, रुपन्देही | २०८१/०६/३० | २०८१/०७/०९ |
| १६ | मातृभुमि लघुवित्त वित्तीय संस्था लि. | कर्पोरेट कार्यालय बुढानिलकण्ठ, काठमाडौं | २०८१/०८/०४ | २०८१/०८/१९ |
| १७ | सम्पदा लघुवित्त वित्तीय संस्था लि. | वन्दीपुर, तनहुं | २०८१/०८/२७ | २०८१/०९/०८ |
| १८ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | बुटवल, रुपन्देही | २०८१/०९/१७ | २०८१/०९/२६ |
| १९ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | कर्पोरेट कार्यालय सीतापाइला काठमाडौ | २०८१/०९/१७ | २०८१/१०/०३ |
| २० | श्रृजनशिल लघुवित्त वितीय संस्था लि. | गोलबजार, सिराहा | २०८१/०९/२८ | २०८१/१०/०८ |
| २१ | आशा लघुवित्त वित्तीय संस्था लि. | मदानपुर ८, नुवाकोट | २०८१/१०/०६ | २०८१/१०/१८ |
| २२ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. | बुटवल, रुपन्देही | २०८१/१०/१३ | २०८१/१०/२४ |
| २३ | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि. | कुस्मा, पर्वत | २०८१/१०/१३ | २०८१/१०/२२ |
| २४ | महुली लघुवित्त वित्तीय संस्था लि. | बगधुवा, सप्तरी | २०८१/१०/१३ | २०८१/१०/२२ |
| २५ | एनएमबी लघुवित्त वित्तीय संस्था लि. | पोखरा हेम्जा, कास्की | २०८१/११/०४ | २०८१/११/१४ |
| २६ | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लि. | साझा, कर्पोरेट महालक्ष्मी, ललितपुर | २०८१/१०/२७ | २०८१/११/०९ |
| २७ | नेशनल माइकोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | बनेपा, काभ्रेपलाञ्चोक | २०८१/११/०४ | २०८१/११/१६ |
| २८ | मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | बट्टार, नुवाकोट | २०८१/११/१८ | २०८१/११/२९ |
| २९ | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लि. | पोखरा, कास्की | २०८१/११/१८ | २०८१/११/२७ |
| ३० | एनआईसी लघुवित्त वित्तीय संस्था लि. | कर्पोरेट कार्यालय बनेपा, काभ्रे | २०८१/११/१८ | २०८१/११/२८ |
| ३१ | महिला लघुवित्त वित्तीय संस्था लि. | साँगा, काभ्रेपलाञ्चोक | २०८२/०१/१६ | २०८२/०१/२७ |
| ३२ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | महाराजगंज, काठमाडौं | २०८२/०१/१६ | २०८२/०१/३० |
| ३३ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. | लाहान सिराहा | २०८२/०१/१६ | २०८२/०१/२५ |
| ३४ | विजय लघुवित्त वित्तीय संस्था लि. | बनेपा, काभ्रेपलाञ्चोक | २०८२/०१/१६ | २०८२/०१/२७ |
| ३५ | फर्स्ट माइकोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ज्ञानेश्वर, काठमाडा | २०८२/०२/०६ | २०८२/०२/१६ |
| ३६ | छिमेक लघुवित्त वित्तीय संस्था लि. | पुरानो बानेश्वर, काठमाडौं | २०८२/०२/०६ | २०८२/०२/२० |
| ३७ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | बबरमहल, काठमाडा | २०८२/०२/०६ | २०८२/०२/१९ |
| ३८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. | नक्साल, काठमाडौं | २०८२/०२/०७ | २०८२/०२/२१ |
| ३९ | आर.एस.डि.सी. लघुवित्त वित्तीय संस्था लि. | बुटवल | २०८२/०२/०५ | २०८२/०२/१४ |
| ४० | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. | कमलपोखरी, काठमाडौं | २०८२/०२/११ | २०८२/०२/२५ |

# खण्ड (३)
# गैर-स्थलगत सुपरिवेक्षण

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८४ मा भएको व्यवस्था तथा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ बमोजिम लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण लगायतका तथ्याङ्क एवं सूचनाका आधारमा सबै लघुवित्त वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण गरिएको छ । गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले पूर्व चेतावनी सङ्केत प्रदान गर्ने भएकोले सम्बन्धित वित्तीय संस्थालाई समयमा सुधारात्मक उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याउँदछ ।

नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ लागु भएपछि विशेष गरी लघुवित्त वित्तीय संस्थाहरुको पुँजीको पर्याप्तता, कर्जा वर्गीकरण, कर्जा नोक्सानी व्यवस्था, क्षेत्रगत कर्जा, अनिवार्य मौज्दात अनुपात, तरल सम्पत्ति सम्बन्धी व्यवस्था/वैधानिक तरलता अनुपात, आम्दानीको अवस्था, निक्षेप तथा सापटीको अवस्था, बजार संवेदनशीलता, कोषको लागत, व्याजदर अन्तर लगायत अन्य विवरणहरुको विश्लेषण सहितको गैरस्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै दिइएका निर्देशनको पालनाको अवस्था सम्बन्धमा विभागको कार्यान्वयन इकाई मार्फत नियमित अनुगमन समेत गर्ने गरिएको छ ।

विभागले लघुवित्त वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण कार्यविधि, २०८० (Offsite Supervision Manual 2080) तयार गरी २०८० चैत्रदेखि लागु गरेको छ । उक्त कार्यविधि अन्तर्गत गैरस्थलगत इकाईहरुले मासिक रुपमा लघुवित्त वित्तीय संस्थाहरुको Periodic Compliance Assessment Report तथा त्रैमासिक रुपमा CAELS Rating तयार गर्दै आइरहेका छन । त्यसैगरी, लघुवित्त वित्तीय संस्थाहरुले प्रेषित गर्ने आवधिक वित्तीय विवरणहरुको आधारमा संस्थाहरुको श्रोत र उपयोगको विवरण, व्याजदर संरचना, Key Financial Indicators (KFIs) तथा त्रैमासिक स्थिति प्रतिवेदन तथा वार्षिक रुपमा विभागका सम्पूर्ण कार्यहरु समेटिएको वार्षिक प्रतिवेदन तयार गरी बैंकको वेबसाइटमार्फत प्रकाशन गर्दै आएको छ । लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा आवश्यकता अनुसार निर्देशनहरु समेत दिने गरिएको छ ।

## ३.१ लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण

लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विवरणको आधारमा लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय विश्लेषण गरिएको छ । यस विभागको गैर-स्थलगत सुपरिवेक्षण फाँटले देहायका विषयहरु समेटी विश्लेषण गर्ने गरेको छ ।

(क) पुँजी पर्याप्तता,
(ख) प्राथमिक पुँजी तथा पुँजीकोष,
(ग) जोखिमको अवस्था,
(घ) कर्जा वर्गीकरण, क्षेत्रगत कर्जा तथा कर्जा नोक्सानी व्यवस्था,
(ङ) कुल सम्पत्ति, आकार र वृद्धि,

(च) आम्दानी तथा खर्चको अवस्था,
(छ) तरलता र निक्षेपको अवस्था,
(ज) प्रतिफलको स्थिति,
(झ) निक्षेप संरचना, अधिकेन्द्रीकरण र वृद्धि,
(ञ) कर्जा संरचना, अधिकेन्द्रीकरण र वृद्धि,
(ट) व्याजदरको स्थिति, प्रवृत्ति र स्तर,
(ठ) गैर-बैंकिङ्ग सम्पत्तिको स्थिति र वृद्धि,
(ड) विभागले तोकेका अन्य विषयहरु ।

२०८२ असार मसान्तको वित्तीय विवरणको आधारमा वार्षिक लेखापरीक्षण कार्य सम्पन्न गरेको लघुवित्त वित्तीय संस्थाहरुलाई वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न तथा लाभांश वितरण गर्न यस बैंकबाट सहमति प्रदान गर्दै आइएको छ ।


### ३.१.१ चुक्ता पुँजी, प्राथमिक पुँजी तथा पुँजीकोष

२०८१ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल चुक्ता पुँजी रु.३५ अर्ब ८४ करोड रहेकोमा २०८२ असार मसान्तमा ७.२४ प्रतिशतले वृद्धि भई रु.३८ अर्ब ४३ करोड पुगेको देखिन्छ । साथै, लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पुँजी २०८१ असार मसान्तमा रु.५३ अर्ब १६ करोड रहेकोमा २०८२ असार मसान्तमा ७.२७ प्रतिशतले वृद्धि भई रु.५७ अर्ब ३ करोड पुगेको छ । त्यस्तै, लघुवित्त वित्तीय संस्थाहरुको कुल पुँजीकोष २०८१ असार मसान्तमा रु.५८ अर्ब ८९ करोड रहेकोमा २०८२ असार मसान्तमा ७.०३ प्रतिशतले वृद्धि भई रु.६३ अर्ब ३ करोड पुगेको देखिन्छ । २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा जोखिम भारित सम्पत्ति ८.७२ प्रतिशतले बढेको देखिन्छ । २०८२ असार मसान्तमा जोखिम भारित सम्पत्तिको आधारमा लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पुँजी अनुपात १०.४३ प्रतिशत रहेको छ भने पुँजीकोष अनुपात ११.५३ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा यस्तो अनुपात क्रमश: १०.५७ तथा ११.७१ प्रतिशत रहेको थियो ।

**तालिका ३**
**चुक्तापुँजी, प्राथमिक पुँजी र पुँजीकोष**

रु.करोडमा

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| चुक्ता पुँजी | ३,४०८ | ३,५८४ | ३,८४३ | ५.१६ | ७.२४ |
| प्राथमिक पुँजी | ५,२५५ | ५,३१६ | ५,७०३ | १.१७ | ७.२७ |
| पुँजीकोष | ५,८५५ | ५,८८९ | ६,३०३ | ०.५९ | ७.०३ |
| जोखिम भारित सम्पत्ति | ४६,४७९ | ५०,२९१ | ५४,६७८ | ८.२० | ८.७२ |
| **प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **११.३१** | **१०.५७** | **१०.४३** | | |
| **पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **१२.६०** | **११.७१** | **११.५३** | | |




### ३.१.२ जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति २०८१ असार मसान्तको तुलनामा ८.०२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ३५ अर्ब ९ करोड पुगेको छ । २०८२ असार मसान्तमा कुल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात १०२.१८ प्रतिशत रहेको छ जुन अघिल्लो आर्थिक वर्षमा १०१.५३ प्रतिशत रहेको थियो ।

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्ति २०८१ असार मसान्तको तुलनामा ८.७२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ४६ अर्ब ७८ करोड हुन आएको छ । २०८१ असार मसान्तमा समग्र संस्थाहरुको जोखिम भारित सम्पत्ति अघिल्लो आर्थिक वर्षको तुलनामा ८.२० प्रतिशतले बढी रु.५ खर्ब २ अर्ब ९१ करोड कायम रहेको थियो ।

**तालिका ४**
**जोखिम भारित सम्पत्ति/कुल सम्पत्ति अनुपात**

| | | | | | रु.करोडमा |
|---|---|---|---|---|---|
| **विवरण** | **२०८० असार** | **२०८१ असार** | **२०८२ असार** | **प्रतिशत परिवर्तन** | |
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| कुल सम्पत्ति | ४७,२४४ | ४९,५३५ | ५३,५०९ | ४.८५ | ८.०२ |
| जोखिम भारित सम्पत्ति | ४६,४७९ | ५०,२९१ | ५४,६७८ | ८.२० | ८.७२ |
| **जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)** | **९८.३८** | **१०१.५३** | **१०२.१८** | | |

### ३.१.३ लगानी

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल लगानीमा २०८१ असार मसान्तको तुलनामा ४.६२ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १८ करोड पुगेको देखिन्छ । २०८२ असार मसान्तमा सरकारी सुरक्षणमा रु.१०४ करोड, शेयर तथा डिवेन्चरमा रु.२ करोड, मुद्दती निक्षेपमा रु.६ करोड तथा सूचिकृत नभएको शेयरमा रु.६ करोड लगानीमा रहेको देखिन्छ । २०८२ असार मसान्तमा शेयर तथा डिवेञ्चरमा लगानी भएको रकमको प्राथमिक पुँजीसँगको अनुपात ०.०४ रहेको छ भने अघिल्लो आर्थिक वर्षमा उक्त अनुपात ०.०२ रहेको थियो ।

तालिका ५
लगानी

रु.करोडमा

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| सरकारी सुरक्षणपत्र | ८२ | ९८ | १०४ | १९.९९ | ५.५४ |
| शेयर तथा डिवेन्चर | ८ | १ | २ | (८७.०५) | १२८.३० |
| मुद्दती निक्षेप | ४० | ७ | ६ | (८१.७०) | (२०.७२) |
| सूचीकृत नभएको शेयर | ४ | ६ | ६ | ५१.२० | (०.८०) |
| अन्य लगानी | २.५ | – | – | (२५०.०२) | – |
| **जम्मा लगानी** | **१३७** | **११३** | **११८** | (१७.२९) | ४.६२ |
| **प्राथमिक पुँजी** | **५,२५५** | **५,३१६** | **५,७०३** | | |
| **शेयर तथा डिवेञ्चर लगानी/ प्राथमिक पुँजी अनुपात** | ०.१५ | ०.०२ | ०.०४ | | |

## ३.१.४ कर्जा तथा सापटको वर्गीकरण


२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा सापट गत आर्थिक वर्षको तुलनामा ७.९५ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९१ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्ष कुल कर्जा सापटमा ५.३९ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५५ अर्ब ५७ करोड कायम रहेको थियो । त्यसैगरी, २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अघिल्लो वर्षको तुलनामा ७०.४१ प्रतिशतले वृद्धि भई रु.४८ अर्ब ९५ करोड पुगेको छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटमा निष्क्रिय कर्जाको अनुपात ९.९५ प्रतिशत रहेको छ। निष्क्रिय कर्जाको अनुपात २०८१ असार मसान्तमा ६.३१ प्रतिशत रहेको थियो। कर्जाको गुणस्तरमा ह्रास आएको देखिन्छ।

तालिका ६
कर्जा तथा सापटको वर्गीकरण

रु.करोडमा

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| सक्रिय कर्जा | ४०,८०४ | ४२,६८४ | ४४,२८५ | ४.६१ | ३.७५ |
| निष्क्रिय कर्जा | २,४२१ | २,८७३ | ४,८९५ | १८.६३ | ७०.४१ |
| **कुल कर्जा तथा सापट** | **४३,२२५** | **४५,५५७** | **४९,१८०** | ५.३९ | ७.९५ |
| कुल कर्जा नोक्सानी व्यवस्था | १,९४९ | २,४३८ | ३,२४१ | | |
| **कुल कर्जा नोक्सानी व्यवस्था र कुल कर्जा अनुपात** | **४.५१** | **५.३५** | **६.५९** | | |
| **निष्क्रिय कर्जा अनुपात** | **५.६०** | **६.३१** | **९.९५** | | |

चार्ट ४
निष्क्रिय कर्जा अनुपात र कुल कर्जा नोक्सानी व्यवस्था




## ३.१.५ कर्जा/बचत तथा सापटी अनुपात


लघुवित्त वित्तीय संस्थाहरुको कर्जा र बचत तथा सापटी अनुपात २०८२ असार मसान्तमा १११.९२ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा सो अनुपात १११.७२ प्रतिशत रहेको थियो । २०८२ असार मसान्तमा लिएको कुल बचत तथा सापटी २०८१ असार मसान्तको तुलनामा ७.७५ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३९ अर्ब ४१ करोड पुगेको छ । त्यस्तै, कर्जा तथा सापट गत वर्षको तुलनामा ७.९५ प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तमा रु.४ खर्ब ९१ अर्ब ८० करोड पुगेको देखिन्छ ।

तालिका ७
कर्जा/बचत तथा सापटी अनुपात

रु.करोडमा

| विवरण | २०८० असार (१) | २०८१ असार (२) | २०८२ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| कुल बचत तथा सापटी | ३८,०६२ | ४०,७७९ | ४३,९४१ | ७.१४ | ७.७५ |
| कर्जा तथा सापट प्रदान | ४३,२२५ | ४५,५५७ | ४९,१८० | ५.३९ | ७.९५ |
| कर्जा र बचत तथा सापटी अनुपात (प्रतिशत) | ११३.५७ | १११.७२ | १११.९२ | | |

**चार्ट नं. ५**
**कर्जा/बचत तथा सापटी**




### ३.१.६ गैर-बैंकिङ सम्पत्ति

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको गैर-बैंकिङ सम्पत्ति रु.६९ लाख ८२ हजार रहेको देखिन्छ । २०८१ असारको तुलनामा गैर बैकिङ सम्पत्तिमा उल्लेख्य वृद्धि भएको देखिन्छ । गैर बैकिङ सम्पत्ति बापतको रकमको शतप्रतिशत नोक्सानी व्यवस्था गरेको देखिन्छ ।

**तालिका ८**
**गैर-बैंकिङ सम्पत्ति**

रु.करोडमा

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| गैर-बैंकिङ सम्पत्ति | ०.१३ | ०.१३ | ०.६९ | - | ४१५.१४ |
| गैर-बैंकिङ सम्पत्तिको लागि नोक्सानी व्यवस्था | ०.१३ | ०.१३ | ०.६९ | - | ४१५.१४ |


### ३.१.७ प्रतिफलको स्थिति

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको तुलनामा २१.३२ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ५२ करोड रहेको देखिन्छ । आ.व. २०८१/८२ मा लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिने सापटी रकमको ब्याजदर घटेका कारण समग्रमा संस्थाहरुको ब्याज खर्चमा कमी आई खुद नाफा वृद्धि भएको देखिन्छ । २०८२ असार मसान्तमा ब्याज आम्दानी रु.६३ अर्ब ७ करोड, ब्याज खर्च रु.३१ अर्ब ५३ करोड र संचालन आम्दानी रु.३९ अर्ब ८३ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल ५२ वटा संस्थाहरु मध्ये १३ वटा संस्था खुद नोक्सानीमा रहेकोमा यस आर्थिक वर्षमा कुल ५२ वटा संस्थाहरुमध्ये १५ वटा संस्था खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका ९**
**प्रतिफलको स्थिति**

| विवरण | २०८० असार (१) | २०८१ असार (२) | २०८२ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| | | | | | रु.करोडमा |
| व्याज आम्दानी | ६,११२ | ६,०३४ | ६,३०७ | (१.२९) | ४.५२ |
| व्याज खर्च | ३,५८७ | ३,४२५ | ३,१५३ | (४.५२) | (७.९३) |
| संचालन आम्दानी | २,१८५ | २,६३३ | ३,९८३ | २०.५१ | ५१.२५ |
| खुद नाफा/नोक्सान | ३७३ | ४५५ | ५५२ | २१.८७ | २१.३२ |

**चार्ट नं. ६**
**प्रतिफलको स्थिति**




## ३.१.८ अनिवार्य नगद मौज्दात

लघुवित्त वित्तीय संस्थाहरुले गत महिनाको कुल बचत तथा सापटीको ०.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाहरुले दैनिक मौज्दातको आधारमा कायम हुन आउने मासिक औषतलाई आधार मानी अनिवार्य नगद मौज्दातको गैरस्थलगत अनुगमन गर्ने गरिएको छ । २०८२ असार मसान्तमा सो प्रयोजनको लागि नेपाल राष्ट्र बैंक तथा "क" वर्गको वाणिज्य बैंकमा कायम गरेको मौज्दात रकम क्रमशः रु. ४ अर्ब ४० करोड र रु. १ अर्ब २६ करोड रहेको छ भने अघिल्लो महिनाको अन्त्यमा कुल बचत तथा सापटीको रकम रु.४ खर्ब १९ अर्ब ४३ करोड रहेकोले अनिवार्य मौज्दात अनुपात १.३५ प्रतिशत कायम गरेको देखिन्छ ।

**तालिका १०**
**अनिवार्य नगद मौज्दात**

रु.करोडमा

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| नेपाल राष्ट्र बैंक मौज्दात | २६८ | २४८ | ४४० | (७.३५) | ७७.३८ |
| "क"वर्गका बैंकमा रहेको मौज्दात | २१३ | ९१ | १२६ | (५७.२३) | ३८.८५ |
| **कुल अनिवार्य मौज्दात रकम** | **४८०** | **३३९** | **५६६** | (२९.४५) | ६७.०३ |
| कुल बचत तथा सापटी (अघिल्लो महिनाको) | ३५,८६४ | ३८,१५३ | ४१,९४३ | ६.३८ | ९.९३ |
| **अनिवार्य मौज्दात अनुपात** | **१.३४** | **०.८९** | **१.३५** | | |

## ३.१.९ तरलता

लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत दायित्वको २.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा ४ प्रतिशत वैधानिक तरलता अनुपात) तरल सम्पत्ति अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाहरुको दैनिक मौज्दातको आधारमा कायम हुन आउने मासिक औषतलाई आधार मानी तरलता अनुपातको गैरस्थलगत अनुगमन गर्ने गरिएको छ । २०८२ असार मसान्तमा सो प्रयोजनको लागि नगद, बैंक तथा वित्तीय संस्थामा कायम गरेको मौज्दात र सरकारी सुरक्षणपत्रमा गरेको लगानी रकम समेत गरी रु.४२ अर्ब ९६ करोड रहेको छ भने अघिल्लो महिनाको अन्त्यमा लघुवित्त वित्तीय संस्थाहरुको कुल बचत रकम रु.१ खर्ब ९४ अर्ब रहेकोले उक्त अनुपात २२.१४ प्रतिशत हुन आउने देखिन्छ । कर्जा मागमा आएको कमीका कारण संस्थाहरुको लगानीयोग्य रकम बैंक तथा वित्तीय संस्थामा जम्मा भएको देखिन्छ ।

**तालिका ११**
**तरलता**

रु.करोडमा

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| नगद | ९९ | ४४ | ३१ | (५५.६९) | (२९.२२) |
| बैंक तथा वित्तीय संस्था मौज्दात | २,८५३ | ३,५२२ | ४,१६१ | २३.४३ | १८.१४ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ८२ | ९८ | १०४ | १९.९९ | ५.५४ |
| **कुल तरल सम्पत्ति** | **३,०३४** | **३,६६४** | **४,२९६** | २०.७६ | १७.२४ |
| कुल बचत (अघिल्लो महिनाको) | १९,३५५ | १७,००० | १९,४०६ | (१२.१७) | १४.१५ |
| तरल सम्पत्ति/कुल बचत (प्रतिशत) | **१५.६८** | **२१.५५** | **२२.१४** | ३७.४९ | २.७१ |

## ३.१.१० भारित औषत व्याजदर अन्तर

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कर्जामा प्राप्त गर्ने भारित औषत व्याजदर १४.३३ प्रतिशत रहेको देखिन्छ भने सो अवधिमा संस्थाहरुको कोषको लागत (बचत तथा सापटीमा प्रदान गरेको भारित औषत व्याजदर) ७.१४ प्रतिशत रहेको देखिन्छ जस अनुसार लघुवित्त वित्तीय

संस्थाहरुको भारित औषत व्याजदर अन्तर ७.१९ प्रतिशत रहेको देखिन्छ । आ.व. २०८१/८२ मा यस्तो अन्तर ५.१४ रहेको थियो । लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिने सापटी रकमको व्याज दर घटेका कारण अघिल्लो आ.व.को तुलनामा कोषको लागत घटन गई व्याजदर अन्तर बढेको देखिन्छ ।

**तालिका १२**
**भारित औषत व्याजदर अन्तर**

(प्रतिशतमा)

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| औषत व्याजदर आम्दानी(%) | १४.३९ | १४.२७ | १४.३३ | (०.८४) | ०.४४ |
| कोषको लागत (Cost of Fund)(%) | १०.४४ | ९.१३ | ७.१४ | (१२.५९) | (२१.८०) |
| औषत व्याजदर अन्तर (%) | ३.९५ | ५.१४ | ७.१९ | ३०.२७ | ३९.९६ |

### ३.१.११ वित्तीय स्रोत (सापटी लिएको तथा बचत) परिचालन

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको बचत रु.१ खर्ब ९९ अर्ब ९४ करोड र सापटी रु.२ खर्ब ३९ अर्ब ४८ करोड गरी जम्मा रु.४ खर्ब ३९ अर्ब ४१ करोड कुल वित्तीय स्रोत परिचालित रहेको छ । उक्त रकम २०८१ असार मसान्तको कुल वित्तीय स्रोत रु.४ खर्ब ७ अर्ब ७९ करोडको तुलनामा ७.७५ प्रतिशतले वृद्धि भएको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत सङ्कलन अनुपात २०८१ असार मसान्तमा प्राथमिक पुँजीको ७.६७ गुणा रहेकोमा २०८२ असार मसान्तमा सो अनुपात ७.६५ गुणा रहेको देखिन्छ ।

**तालिका १३**
**वित्तीय स्रोत परिचालन**

(करोडमा)

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१)*१०० | (३-२)/(२)*१०० |
| (क) बचत | १६,७०६ | १७,६१८ | १९,९९४ | ५.४६ | १३.४९ |
| (ख) सापटी | २१,३५६ | २३,१६१ | २३,९४८ | ८.४५ | ३.४० |
| **कुल वित्तीय स्रोत** | **३८,०६२** | **४०,७७९** | **४३,९४१** | ७.१४ | ७.७५ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास ) | ४,९९० | ५,३१४ | ५,७४१ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **७.६३** | **७.६७** | **७.६५** | | |

### ३.१.१२ लघु उद्यम (धितो) कर्जा/कुल कर्जा अनुपात

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले लघु उद्यम धितो कर्जा अन्तर्गत रु. ७१ अर्ब ४० करोड प्रवाह गरेको र उक्त रकम कुल कर्जाको १४.५२ प्रतिशत रहेको देखिन्छ । खुद्रा कर्जा प्रदायक लघुवित्तको कुल कर्जामा धितो कर्जाको अंश १६.१२ प्रतिशत रहेको देखिन्छ । २०८१ असार मसान्तमा

यस प्रकारको कर्जा रु.७५ अर्ब ७५ करोड रहेको थियो भने कुल कर्जासँगको अनुपात १६.६३ प्रतिशत रहेको थियो ।

**तालिका १४**

**लघु उद्यम (धितो) कर्जा/कुल कर्जा अनुपात**

(करोडमा)

| विवरण | २०८० असार (१) | २०८१ असार (२) | २०८२ असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (३-२)/(२)*१०० |
|---|---|---|---|---|---|
| समुह कर्जा | २७,२१६ | २८,८४० | ३३,८५८ | ५.९७ | १७.४० |
| लघु उद्यम कर्जा | ७,६४५ | ७,५७५ | ७,१४० | (०.९२) | (५.७५) |
| अन्य कर्जा | ८,३६४ | ९,१४२ | ८,१८२ | ९.३० | (१०.५०) |
| कुल कर्जा | ४३,२२४ | ४५,५५६ | ४९,१८० | | |
| लघु उद्यम कर्जा र कुल कर्जा अनुपात | १७.६९ | १६.६३ | १४.५२ | | |

## ३.२ निर्देशन अनुपालनाको स्थिति

यस बैंकबाट जारी गरिएका निर्देशनहरु, परिपत्रहरु आदिका आधारमा विभागको गैरस्थलगत फाँटबाट गैरस्थलगत सुपरिवेक्षण हुँदै आएको छ । उक्त फाँटबाट लघुवित्त वित्तीय संस्थाहरुले पेश गर्ने अनलाइन रिर्पोटिङ्गका आधारमा विभिन्न वित्तीय विवरणहरु विश्लेषण गर्ने गरिएको छ । उक्त विश्लेषणका आधारमा यस फाँटबाट प्रत्येक त्रयमासमा त्रैमासिक प्रतिवेदन तथा लघुवित्त संस्थाहरुको प्रगति विवरण समेत तयार गरी प्रकाशन गर्ने गरिएको छ । लघुवित्त संस्थासँग सम्बन्धित प्रमुख सूचक/शीर्षकहरुको अनुपालनाको स्थिति देहाय बमोजिम रहेको देखिन्छ ।

### ३.२.१ पुँजीकोष

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १/०८१ को बुँदा नं. १ मा लघुवित्त वित्तीय संस्थाले कुल जोखिम भारित सम्पत्तिको न्यूनतम ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा तोकिएको पुँजीकोष कायम गर्न नसकेका कारण यस प्रतिबेदन तयार गर्दासम्म शीघ्र सुधारात्मक कारवाही गरिएको/कारवाहीको प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

**शीघ्र सुधारात्मक कारवाही गरिएका संस्थाहरुको विवरण**

| क्र.सं | लघुवित्त वित्तीय संस्थाहरुको नामावली | पुँजीकोष कायम नगरेको अवधि |
|---|---|---|
| १ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| २ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ३ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ बैशाख |
| ४ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ५ | उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ६ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ८ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ९ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| १० | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| ११ | धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |

| | | |
|---|---|---|
| १२ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |
| १३ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८२ असार |

साथै, यस प्रतिबेदन तयार गर्दासम्म वार्षिक वित्तीय विवरण प्रकाशनको स्वीकृतीका लागि समायोजित अन्तिम विवरण पेश नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं | लघुवित्त वित्तीय संस्थाहरुको नामावली |
|---|---|
| १ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड |
| २ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ३ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ४ | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ५ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ६ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ७ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ८ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ९ | सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड |
| १० | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ११ | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड |
| १२ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड |

सञ्जिवनी लघुवित्त वित्तीय संस्था लि. (साविकको सुपर लघुवित्त वित्तीय संस्था लि.) तुलसीपुर, दाङमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख को खण्ड (क), (ख), (घ), (च) तथा (ञ) को अवस्था देखिन गई यस बैंकको मिति २०७९/०५/२२ को सार्वजनिक सूचनाबाट उक्त संस्थालाई समस्याग्रस्त वित्तीय संस्थाको रूपमा घोषणा गरिएकोमा यस बैंकको मिति २०८२/१२/०५ को निर्णयानुसार सो संस्थालाई समस्याग्रस्त अवस्थाबाट फुकुवा गरी नियमित वित्तीय कारोबार गर्न स्वीकृति प्रदान गरिएको छ ।

### ३.२.२ वित्तीय स्रोत संकलन

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १५/०८१ को बुँदा नं १(क) मा भएको व्यवस्था बमोजम अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने व्यवस्था रहेकोमा २०८२ असार मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.२.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ बमोजिम प्रत्येक त्रयमासमा कर्जा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेमा २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाको लागि १ प्रतिशत, सुक्ष्म निगरानी तथा पुनरतालिकीकरण र पुनरसंरचनाको लागि ५ प्रतिशत, कमसल कर्जाको लागि २५ प्रतिशत, शंकास्पद कर्जाको लागि ५० प्रतिशत र खराब कर्जाको लागि १०० प्रतिशत नोक्सानी व्यवस्था तथा वीमित कर्जाका हकमा न्यूनतम नोक्सानी व्यवस्थाको २५ प्रतिशत रकम नोक्सानी वापत कायम गरे पुग्ने व्यवस्था रहेकोमा सोको पालना गरेको देखिन्छ । २०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले कुल कर्जा नोक्सानी व्यवस्था वापत रु.३२ अर्ब ४१ करोड कायम गरेको देखिन्छ । यो रकम कुल कर्जाको ६.५९ प्रतिशत रहेको छ ।

### ३.२.४ निष्कृय कर्जा अनुपात

२०८२ असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको औषत निष्कृय कर्जा अनुपात ९.९५ प्रतिशत रहेको देखिन्छ। देहायका संस्थाहरुको निष्कृय कर्जा १० प्रतिशतभन्दा बढी रहेको देखिन्छ।

| क्र.सं. | संस्थाको नाम | निष्कृय कर्जा अनुपात |
|---|---|---|
| १. | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड | ९९.९९% |
| २. | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २४.५६% |
| ३. | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २२.८८% |
| ४. | धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड | २२.४५% |
| ५. | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | २१.३९% |
| ६. | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १९.८६% |
| ७. | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १९.२५% |
| ८. | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | १८.६६% |
| ९. | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | १७.६०% |
| १०. | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड | १६.९९% |
| ११. | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १५.१०% |
| १२. | मेरो लघुवित्त वित्तीय संस्था लिमिटेड | १४.९१% |
| १३. | एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | १४.१९% |
| १४. | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | १४.१६% |
| १५. | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | १३.८०% |
| १६. | समता लघुवित्त वित्तीय संस्था लिमिटेड | १३.५३% |
| १७. | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | १३.१०% |
| १८. | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२.१६% |
| १९. | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ११.३२% |
| २०. | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | १०.७३% |
| २१. | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १०.६९% |
| २२. | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १०.५३% |
| २३. | लक्ष्मी लघुबित्त वित्तीय संस्था संस्था लिमिटेड | १०.४५% |
| २४. | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १०.१६% |

### ३.२.५ धितो कर्जा र कुल कर्जा अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ३/०८१ को बुँदा नं.२(घ) मा भएको व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाहरुले आफुले प्रदान गरेको कुल कर्जाको एक-तिहाईमा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्न सक्ने व्यवस्था रहेकोमा २०८२ असार मसान्तमा सबै संस्थाहरुले प्रवाह गरेको धितो कर्जा कुल कर्जाको एक तिहाईभन्दा बढी नरहेको देखिन्छ। २०८२ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा धितो कर्जाको अनुपात १६.१२ प्रतिशत रहेको देखिन्छ।

### ३.२.६ अनिवार्य नगद मौज्दात अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १२/०८१ को बुँदा नं.१(१) बमोजिम लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत दायित्वको ०.५ प्रतिशत(सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत)

अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.२.७ तरल सम्पत्ति अनुपात/वैधानिक तरलता अनुपात

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १२ को बुँदा नं.२(१) र ३ बमोजिम सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने “घ” वर्गको लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने “घ” वर्गको लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गनुपर्ने व्यवस्था रहेकोमा आ.व.२०८१/८२ मा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.२.८ कर्जामा औषत व्याजदर प्रतिशत

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १४/०८१ को बुँदा नं.२(क) बमोजिम आर्थिक वर्ष २०८१/८२ मा लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग लिने व्याजदर अधिकतम १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने व्यवस्था रहेकोमा सम्पूर्ण संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.२.९ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरीएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.९/०८१ बमोजिम तथ्यांक विवरणहरु यस बैंकमा पेश गर्नु पर्ने व्यवस्था रहेकोमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाउने गरेको देखिन्छ । साथै , लघुवित्त वित्तीय संस्थाहरुबाट Supervisory Information system (SIS) मार्फत समेत तथ्यांक प्राप्त गर्न थालिएको तथा अधिकांश प्रतिवेदनहरु नियमितरुपमा पेश हुन थालेको छ । प्राप्त हुन नसकेको खण्डमा ताकेता गरी प्राप्त गर्ने गरिएको छ ।

## ३.३ वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्दा दिइएका निर्देशनहरु

लघुवित्त वित्तीय संस्थाहरुको बाह्य लेखापरीक्षण प्रतिवेदनको आधारमा गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदन तयार गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा विभिन्न ऐनहरु तथा यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन तथा समय समयमा जारी भएका परिपत्रहरु बमोजिम देहायका मुख्य मुख्य निर्देशनहरु दिइएको छ ।

### ३.३.१ पुँजी तथा पुँजीकोष सम्बन्धी निर्देशन

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १/०८१ मा भएको व्यवस्था अनुसार संस्थामा २०८२ असार मसान्तमा तोकिएको न्यूनतम पुँजीकोष कायम नभएकोले पर्याप्त पुँजीकोष कायम गर्न प्रभावकारी पुँजी योजना तयार गरी यस बैंक समक्ष पेश गर्नुहुन ।
- संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ परिच्छेद ३ को दफा ९ मा भएको व्यवस्था बमोजिम यथाशीघ्र सर्वसाधारणलाई शेयर जारी गरी चुक्ता पुँजीको कम्तीमा ३० प्रतिशत सर्वसाधारण शेयर कायम गर्नु हुन ।

### ३.३.२ कर्जा सम्बन्धी निर्देशनः

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. २/०८१ को बुँदा नं.१(अ) बमोजिम भाखा नाघेको अवधिको

आधारमा कर्जाको वर्गीकरण गरी तोकिए बमोजिमको कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्थाको पूर्णरुपमा पालना गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. २/०८१ को  बुँदा नं. २(आ) मा खराब वर्गमा परेका मध्ये सुरक्षण गरिएका कर्जाको वीमा दावी कर्जा सुरक्षण सम्बन्धी सम्झौतामा उल्लिखित अवधि वा कर्जा खराब वर्गमा वर्गीकरण गरिएको मितिले १ वर्ष जुन अघि हुन्छ सोही अवधिभित्रमा गरिसक्नु पर्नेछ, अन्यथा त्यस्तो कर्जामा सुरक्षण वापत कर्जा नोक्सानी व्यवस्थामा छुट प्रदान गरिने छैन भन्ने व्यवस्थाको पूर्णरुपमा पालना गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.२/०८१ बुँदा नं ६(च) मा भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा सदुपयोग भएको नदेखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ भन्ने व्यवस्थाको पूर्णरुपमा पालना गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन २/०८१ को  बुँदा नं.७(ग) मा भएको व्यवस्था बमोजिम कर्जाको पुनरतालिकीकरण/पुनरसंरचना गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई  जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ३/०८१ को बुँदा नं. २(ग) मा भएको विपन्न तथा न्यून आय भएका समूहमा आवद्ध भएका वा नभएका व्यक्तिहरुलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रति व्यक्ति बढीमा रु. ७ लाख रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिनेछ भन्ने व्यवस्थाको पूर्णरुपमा पालना गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ३/०८१ को बुँदा नं. २(ज) बमोजिम एउटा ऋणीलाई अधिकतम दुई वटा लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्न सक्नेछन् भन्ने व्यवस्थाको पूर्ण पालना गर्नुहुन ।

- निष्क्रिय वर्गमा वर्गीकरण भएका कर्जाहरु नियमित गर्ने उद्देश्यले कर्जा चुक्ता गराई नयाँ कर्जा प्रदान गरी सक्रिय वर्गमा वर्गीकरण गर्ने कार्य तत्काल बन्द गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.६/०८१ को निर्देशन नं. ६(४) बमोजिमको जोखिम व्यवस्थापन समितिलाई निष्क्रिय कर्जा घटाउने तर्फ थप सक्रिय र प्रभावकारी बनाउनु हुन । साथै, संस्थामा निष्क्रिय कर्जा अनुपात उच्च रहेको सन्दर्भमा निष्क्रिय कर्जा व्यवस्थापन गर्न ठोस कार्ययोजना पेश गर्नुहुन ।

### ३.३.३ संस्थागत सुशासन सम्बन्धी निर्देशन

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ६/०८१ को बुँदा नं. ३ (१०) मा संस्थाको प्रमुख कार्यकारी अधिकृत पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । त्यसैगरी इजाजतपत्रप्राप्त संस्थाले व्यवस्थापकीय पद भनी तोकेका पदहरु समेत रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ भन्ने व्यवस्था अनुसार संस्थाको प्रमुख कार्यकारी अधिकृत तथा अन्य व्यवस्थापकीय पदको पदपूर्ति गर्नुहुन ।

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ६/०८१ को बुँदा नं. १४(क)(२) को व्यवस्था बमोजिम वित्तीय

सेवाप्रतिको पहुँच अभिबृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको ५ प्रतिशत रकम खर्च गर्नु पर्नेछ भन्ने व्यवस्थाको पूर्ण पालना गर्नुहुन ।

### ३.३.४ व्याजदर तथा सेवा शुल्क सम्बन्धी निर्देशनहरु

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन २०८१ को निर्देशन नं. १९/०८१ को बुँदा नं. २ मा भएको व्यवस्था बमोजिम मात्र सेवा शुल्क लिनुहुन ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १४/०८१ को बुँदा नं. १ मा लघु वित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क, ब्याज र हर्जाना व्याज बाहेक कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन भन्ने व्यवस्थाको पालना गर्नु हुन ।

### ३.३.५ कर्जा सूचना सम्बन्धी निर्देशनहरु

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.११/०८१ बुँदा नं ४ को ४ मा संस्थाले कर्जा स्वीकृत गर्नु अगावै कर्जा सूचना केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । कर्जा सूचना नलिई प्रवाह भएको कर्जामा २ प्रतिशत बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ भन्ने व्यवस्था पूर्णरुपमा पालना गर्नुहुन ।
- कर्जाको विवरण तोकिएको समयमै कर्जा सूचना केन्द्रमा Reporting गर्ने गर्नुहुन साथै संस्थाको कर्जा विवरण कर्जा सूचना केन्द्रमा अद्यावधिक भएको विवरणसँग आवधिक रुपमा Reconcile गर्नुहुन ।

### ३.३.६ अन्य निर्देशनहरुः

- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ८/०८१ को बुँदा नं. २ को व्यवस्था विपरीत रहेको लगानी यथाशीघ्र विनिवेश गर्नुहुन ।
- यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १०/०८१ को बुँदा नं.६ बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक "घ" वर्गको संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा २५ प्रतिशत र अन्य "घ" वर्गका संस्थाहरुमा चुक्ता पुँजीको १० प्रतिशत मात्र लगानी गर्न सकिने व्यवस्था रहेकोले उल्लिखित सीमाभन्दा बढी शेयरधारण गर्ने संस्थापक शेयरधनी रहे/नरहेको एकीन गरी सो सीमाभन्दा बढी भएमा उक्त शेयरधनीले आफ्नो शेयर उपरोक्त सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा बोनस शेयर वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।
- संस्थाको नियमावलीको नियम २७ को सञ्चालक समितिको गठन, संख्या र कार्यकाल सम्बन्धी व्यवस्था बमोजिम रिक्त रहेको एकजना सञ्चालक सदस्य नियुक्त गर्नुहुन ।

# खण्ड (४)
# विशेष तथा अनुगमन निरीक्षण

## ४.१ विशेष तथा अनुगमन निरीक्षण

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ बमोजिम गैर-स्थलगत सुपरिवेक्षण, प्रतिवेदन कार्यान्वयन फाँट, सार्वजनिक सञ्चार माध्यम, विभिन्न सरकारी एवम् अन्य निकायहरुको अनुरोध/निर्देशन/आदेश, उजुरी एवम् अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै संस्थामा निक्षेपकर्ताको हित विपरित कार्य भइरहेको वा अनियमितता भइरहेको वा संस्था सुचारू रूपले सञ्चालन नभएको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको वा जोखिम विवरण (रिस्क प्रोफाईल) मा अप्रत्यासित परिवर्तन भएको भन्ने विभागलाई लागेमा त्यस्तो लघुवित्त वित्तीय संस्थाको जोखिमका क्षेत्रहरु समेटी विशेष निरीक्षण कार्य गर्ने तथा यस्तो निरीक्षण आकस्मिक रुपमा पनि गर्न सकिने व्यवस्था गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा आवश्यकता अनुसार लघुवित्त वित्तीय संस्थाहरुको विशेष स्थलगत निरीक्षण गर्ने कार्य योजना रहेकोमा सो अवधिमा देहाय बमोजिमको २ वटा लघुवित्त वित्तीय संस्थाहरुको विशेष स्थलगत निरीक्षण सम्पन्न गरिएको छ ।

**तालिका १५**
**आर्थिक वर्ष २०८१/८२ मा विशेष निरीक्षण गरिएका लघुवित्त वित्तीय संस्थाहरुको विवरण**

| सि.नं | संस्थाको नाम | ठेगाना | देखि | सम्म |
|---|---|---|---|---|
| १ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. | विराटनगर, मोरङ | २०८१/०७/०८ | २०८१/०७/०९ |
| २ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. | बुटवल, रुपन्देही | २०८२/०३/२९ | २०८२/०४/०१ |

नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ मा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सुधार गर्न दिईएका निर्देशनहरुको कार्यान्वयनको सम्बन्धमा बैंक वा वित्तीय संस्थाले पेश गरेको कागजात प्रति विभाग विश्वस्त हुन चाहेमा वा विभागले अनुगमन निरीक्षण आवश्यक ठानेमा बैंक वा वित्तीय संस्थामा गई वा विस्तृत विवरण वा सूचनाहरू विभागमा झिकाई अनुगमन निरीक्षण कार्य गर्न सक्ने व्यवस्था गरिएको छ । आ.व. २०८१/८२ मा आवश्यकता अनुसार संस्थाको अनुगमन निरीक्षण गर्ने कार्ययोजना रहेकोमा कुनै पनि संस्थाको अनुगमन निरीक्षण कार्य नभएको ।

# खण्ड (५)
# कार्यान्वयन (Enforcement)

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण, विशेष निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षणका क्रममा दिइएका निर्देशनहरुको पालना भए/नभएको सम्बन्धमा यस विभागको कार्यान्वयन फाँटबाट नियमित अनुगमन गर्ने गरिएको छ । अनुगमनका क्रममा विभागको कार्यान्वयन इकाईमार्फत नियमित रुपमा तीनमहले कार्यान्वयन प्रतिवेदन तयार गरी कार्यान्वयन हुन बाँकी रहेका कैफियतहरुको सम्बन्धमा थप निर्देशनहरु दिने गरिएको छ । साथै, लघुवित्त वित्तीय संस्थाको समग्र विवरणसहितको अर्द्धवार्षिक कार्यान्वयन प्रतिवेदन समेत तयार गर्ने गरिएको

छ ।

## ५.१ कार्यान्वयन हुन बाँकी मुख्य कैफियतका निर्देशनहरुः

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. २/०८१ को बुँदा नं.३ बमोजिम एक वर्ष भन्दा बढी अवधिको कर्जा किस्ताबन्दीमा भुक्तानी हुने गरी प्रवाह गर्नु पर्नेछ भन्ने व्यवस्थाको भावना विपरित हुने गरी कर्जा तथा बचत नीतिमा संशोधन गर्नुको कारण स्पष्ट पारी निर्देशन बमोजिम कर्जा तथा बचत नीतिमा संशोधन गरी यस बैंकलाई जानकारी दिनुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन, २०८१ को निर्देशन नं ६/०८१ को बुँदा नं. २(ग) बमोजिम संस्थाले कम्तिमा एक वर्षमा सबै शाखा कार्यालयको आन्तरिक लेखा परीक्षण सम्पन्न गर्नुपर्ने व्यवस्थाको पालना गर्नुहुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ६/०८१ बुंदा नं.३(१०) मा भएको व्यवस्था बमोजिम व्यवस्थापकीय पद भनी तोकेका पदहरु रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गर्नु हुन ।

- यस बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ६/०८१ बुँदा नं.५ को व्यवस्था बमोजिम संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत अर्थिक वर्षको कर्मचारीको कुल तलब भत्ताको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्नेछ भन्ने व्यवस्थाको पालना गर्दै संस्थाको सेवामा प्रवेश गरेका नयाँ कर्मचारीहरुलाई निर्देशन बमोजिमको अभिमुखीकरण तालिम प्रदान गर्नु हुन ।

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ७/०८१ को बुँदा नं. ५ मा भएको व्यवस्थाबमोजिम संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा प्रभावकारिता ल्याउन  तथ्यांक विश्वसनियता जाँच गर्ने कार्यविधि, सम्पत्ति गुणस्तर समीक्षा कार्यविधि, वित्तीय जोखिम व्यवस्थापनको समीक्षा सम्बन्धी कार्यविधि तर्जुमा गरी विभागलाई जानकारी गराउनुहुन ।

- यस बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ७/०८१ को बुँदा नं. ५ बमोजिमका कार्यविधिहरु तर्जुमा गर्नुहुन ।

- यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ९/०८१ को बुँदा नं. ५ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण विवरणहरु निर्धारित समयावधिभित्र SIS मार्फत यस बैंकमा पठाउने व्यवस्था गर्नुहुन ।
- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ११/०८१ को बुँदा नं.४ को प्रावधान बमोजिम नयाँ कर्जा प्रवाह, पुरानो कर्जा नवीकरण, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ग्राहकको बारेमा अनिवार्य रुपमा कर्जा सूचना लिने र योग्य सदस्य/ग्राहकलाई मात्र कर्जा प्रदान गर्ने गर्नुहुन ।
- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं १५/०८१ को बुँदा नं. ४(१) बमोजिम अन्य संस्थासँग सापटी लिने सम्बन्धी कार्यविधि तर्जुमा गरी लागू गर्नुहुन ।
- प्रतिवद्धताबमोजिम निर्देशन प्राप्त भएको मितिले तीन महिनासम्ममा नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १८/०८१ को बुँदा नं. १५ को (५) मा भएको व्यवस्था बमोजिम संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गनुपर्ने आचरण सम्बन्धमा आचार संहिता (Code of Conduct) तर्जुमा गरी लागु गर्नुहुन तथा सोको जानकारी विभागलाई गराउनुहुन ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त “क” “ख” “ग” र “घ” वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको NFRS 9–Expected Credit Loss Related Guidelines, 2021 बमोजिम बैंक तथा वित्तीय संस्थाले स्पष्ट रुपमा परिभाषित, अधिलेखीकृत र लेखा मापदण्डहरूको अनुसारको Expected Credit Loss सम्बन्धी लिखित नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुहुन ।
- यस बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को निर्देशन नं. १८/०८१ को बुँदा नं.४ को ४ मा भएको व्यवस्था अनुसार उच्च पदस्थ व्यक्तिको विवरण तयार गरी ३ महिनाभित्र यस विभागमा पेश गर्नुहुन ।
- सम्पत्ति शुद्धीकरण अनुगमनका सम्बन्धमा राजनीतिक रूपमा प्रभाव पार्नसक्ने एवम् उच्च पदस्थ व्यक्तिहरूको सूची तयार गर्ने, नियमित अद्यावधिक गर्ने, संस्थाभित्र त्यस्ता व्यक्तिहरू ग्राहक सदस्य भए नभएको यकिन गर्ने र भएमा उनीहरूका कारोबारको सुक्ष्म निगरानी गरी शंकास्पद कारोबार गरेको देखिएमा सम्बन्धित निकायमा जानकारी गराउने अभ्यास वा त्यस्तो संयन्त्रको विकास गर्नुहुन ।
- यस बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को निर्देशन नं. १८/०८१ को बुँदा नं.९ मा भएको व्यवस्था अनुसार (goAML Software System) मार्फत पेश गर्नुपर्ने रिपोर्टिङ नियमित अपडेट गर्ने सम्बन्धमा भएको प्रगति विवरण पेश गर्नुहुन ।
- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १८/०८१ को बुँदा नं. ६(ख) मा भएको व्यवस्थाबमोजिम संस्थाको ग्राहक पहिचान कार्यविधिमा आवश्यक संशोधन गरी Enhanced Customer Due Diligence (ECDD) को व्यवस्था समावेश गरी सोको जानकारी यस विभागलाई उपलब्ध गराउनुहुन ।
- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.१९ को बुँदा नं.२ (ख) मा कर्जामा १.३ प्रतिशतसम्म सेवा शुल्क लिन सक्ने तथा बुँदा नं.२(ख) मा कर्जाको सीमा बृद्धि/थप गर्दा थप भएको रकममा मात्र उपबुँदा

(ख) मा उल्लिखित प्रतिशतसम्म सेवा शुल्क लिन सकिने व्यवस्थाको विपरीत असुल गरिएको शुल्क फिर्ता गरी जानकारी गराउनुहुन

- यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १९/२०८१ (८)(च) मा संस्थाले ग्राहकबाट प्राप्त भएको गुनासो रेकर्ड राख्नुपर्ने र सोको निरुपण सम्बन्धी तथ्याङ्क (अनुसूची १९.१ बमोजिम) यस बैंकको इमेल reporting@nrb.org.np मा पठाउनुपर्नेछ भन्ने व्यवस्था पालना गर्नुहुन ।
- यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको Guidance Note on Interest Income Recognition, 2025 बमोजिम ब्याज आम्दानी लेखाङ्कन गरी वित्तीय विवरण अद्यावधिक  गर्नुहुन ।
- सम्पर्क विहीन रहेका कर्जा लिने कर्मचारीहरू वा नियतवश भुक्तानी नभएका बाँकी कर्जामा सम्भावित नोक्सानी व्यवस्था कायम गरी यस विभागलाई जानकारी गराउनुहुनका साथै निजहरूबाट रकम असुलउपर गर्न चालिएका प्रचलित कानुनी प्रक्रिया तथा सोको प्रगति विवरण यस विभागलाई जानकारी गराउनुहुन ।
- कर्जा लगानी गर्नु पूर्व सदस्यबाट अन्य संस्थाबाट कर्जा लिए/नलिएको स्वःघोषणा तथा कर्जा सूचना केन्द्रको विवरण कर्जा फाईलमा अनिवार्य रुपमा समावेश गरी सोको विश्लेषण समेत गर्ने व्यवस्था गर्नुहुन ।
- कर्जा प्रवाह गर्दा ऋणीको पर्याप्त विश्लेषण भएको तथा कर्जाको सदुपयोगिता निरीक्षण सुदृढ भएको एकिन गर्न, निष्कृय वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना/पुनरतालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्था कायम गर्न तथा निष्कृय कर्जा अनुपात नियन्त्रण गर्न उच्च व्यवस्थापनबाट थप योजनाबद्ध रुपमा प्रभावकारी निगरानी बढाउनु हुन ।
- संस्थाको Core Banking System मा रहेको बक्यौता कर्जा र सोही मितिको कर्जा सूचना केन्द्रले पठाएको बक्यौता कर्जाको विवरणमा फरक परेको कारण पहिचान गरी कर्जाको विवरण अद्यावधिक गर्नुहुन ।
- संस्थाको Data Center (DC) मा समस्या भएको अवस्थामा सिस्टम सुचारु गर्न आवश्यक Backup System तयार गर्नेहुन र Data Center (DC) को लागी छुटै कोठा व्यवस्था गरी DC को सुरक्षा व्यवस्था सुधार गरी  Access Control मा सुधार गर्नुहुन ।
- Head Office र सबै Branch Office हरुमा Security Surveillance को लागि CCTV को व्यवस्था गरी,Clear CCTV Footage कम्तीमा ९० दिनसम्म Backup  रहने व्यवस्था गर्ने गर्नुहुन ।

# खण्ड (६)
# नीति, योजना र आन्तरिक प्रशासन

## ६.१ नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि

यस विभागबाट लघुवित्त वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण एवम् गैरस्थलगत सुपरिवेक्षण सम्बन्धी सम्पूर्ण कार्यहरु हुँदै आएको छ । यस विभागमा आर्थिक वर्ष २०८१/८२ का लागि कार्यकारी निर्देशक १, निर्देशक २, उप-निर्देशक १३, सहायक निर्देशक २१, प्रधान सहायक ६, सहायक २ र कार्यालय सहयोगी १ गरी कुल ४६ जना कर्मचारीको दरवन्दी रहेकोमा २०८२ असार मसान्तमा कार्यकारी निर्देशक १, निर्देशक २, उप-निर्देशक १८, सहायक निर्देशक १९, प्रधान सहायक ६, सहायक २ तथा कार्यालय सहयोगी २ (करार) गरी कुल ५० जना कर्मचारी कार्यरत रहेका छन् ।

यस विभागको उद्देश्य हासिल गर्न देहाय बमोजिमका ईकाइहरुको संरचना तयार गरी विभागका कार्यहरु सम्पादन भइरहेको छ ।

(क) आन्तरिक प्रशासन तथा नीति योजना फाँट

(ख) गैरस्थलगत सुपरिवेक्षण फाँट

(ग) कार्यान्वयन फाँट

(घ) गुनासो सुनुवाई फाँट

(ङ) विशेष निरिक्षण फाँट


(च) अनुगमन फाँट

आन्तरिक प्रशासन तथा नीति योजना फाँटले विभागको लागि आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने वार्षिक कार्य योजनाको प्रस्ताव तयार गर्ने, मौद्रिक नीति, वित्तीय क्षेत्र रणनीति, बैंकको चालु रणनीतिक योजनाको सम्बन्धमा आवश्यक प्रस्तावहरु तयार पार्ने, विभागीय प्रगति विवरणहरु तयार गर्ने तथा सञ्चालक समितिबाट भएको निर्णयको कार्यान्वयन स्थितिको विवरणहरु त्रैमासिक रुपमा तयार गर्ने, स्वीकृत वार्षिक कार्ययोजना अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने, लघुवित्त वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण, लक्षित निरीक्षण, अनुगमन तथा विशेष निरीक्षण एवम् भौतिक पूर्वाधार निरीक्षण गराउने, विभागसँग सम्बन्धित पत्राचारहरु गर्ने, विभागका कर्मचारीहरुको हाजिरी, बिदा तथा काज सरुवाको अभिलेख राख्ने र दैनिक विभागीय कार्य सञ्चालन सम्बन्धमा आवश्यक कार्यहरु सम्पादन गरी त्यस्ता काम कारवाहीहरुको अभिलेख अद्यावधिक राख्ने, समष्टिगत स्थलगत निरीक्षण, लक्षित स्थलगत निरीक्षण, विशेष तथा अनुगमन निरीक्षण कार्यका लागि कर्मचारीहरु खटाई भ्रमण आदेश जारी गर्ने जस्ता कार्यहरु गर्दै आइरहेको छ ।

साथै, स्वीकृत कार्ययोजना बमोजिम लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, उच्च व्यवस्थापन तहका कर्मचारीहरु लगायत अन्य कर्मचारीहरुसँग संस्थागत सुशासन, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन सम्बन्धमा साथै सम्पत्ति शुद्धीकरण, जोखिम व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम र बैंकबाट जारी एकीकृत निर्देशन, प्रचलित ऐन, नियम तथा सुपरिवेक्षकीय विषयवस्तुमा अनुशिक्षण कार्यक्रम समेत सोही फाँटबाट सञ्चालन गर्ने गरिएको छ ।

अनुसूची १

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग



अनुसूची २

## लघुवित्त वित्तीय संस्थाहरुको नाम, सञ्चालन मिति, पुंजी तथा अन्य प्रमुख वित्तीय सूचकाङ्कहरु
## आर्थिक वर्ष २०८१/८२

(रकम रु. करोडमा)

| क.सं. | संस्थाको नाम | सञ्चालन मिति | पुँजीकोष अनुपात (%) | निष्कृय कर्जा अनुपात (%) | लघु उद्यम कर्जा/ कुल कर्जा (%) | वित्तीय स्रोत संकलन (गुणामा) | औषत ब्याजदर अन्तर (%) |
|---|---|---|---|---|---|---|---|
| १ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड* | २०५६/०४/०१ | १४.१४% | ९.९१% | १६.१४% | ५.६६ | ६.७७% |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०५८/०३/१९ | १२.५०% | ११.३२% | २१.५१% | ७.६८ | ७.५८% |
| ३ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड* | २०५८/०८/१२ | १७.१२% | २.५७% | १०.४४% | ६.०४ | ६.४०% |
| ४ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०५८/१०/०१ | ११.३५% | १०.७३% | २४.०४% | ८.२४ | ७.२६% |
| ५ | साना किसानविकास लघुवित्त वित्तीय संस्था लिमिटेड# | २०८०/०३/२४¤ | १६.६२% | २.६५% | – | ३.७६ | ३.५७% |
| ६ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०८०/११/३०¤ | ८.७९% | १३.१०% | १९.८४% | १०.३५ | ८.६२% |
| ७ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६६/०१/१६ | १२.३८% | ९.८०% | १२.३२% | ८.८२ | ८.७६% |
| ८ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६६/०९/०१ | ११.७२% | ७.५९% | १२.०४% | ८.०७ | ८.४७% |
| ९ | फर्स्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड# | २०६६/०९/१३ | २६.५०% | ३.८४% | – | २.९२ | १.४२% |
| १० | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७६/०९/२३¤ | ११.५२% | ८.२७% | ११.६०% | ८.६४ | ८.५५% |
| ११ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६७/०७/२३ | ८.८३% | ९.३५% | ११.१६% | ११.२२ | ७.०५% |
| १२ | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७८/१२/१९¤ | १०.४९% | १८.६६% | २३.८२% | ७.८६ | ७.५८% |
| १३ | लक्ष्मी लघुबित्त वित्तीय संस्था संस्था लिमिटेड | २०६९/०२/२२ | १०.८३% | १०.४५% | ९.०८% | ८.४४ | ८.३५% |
| १४ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६९/०३/२१ | ८.५४% | ६.५९% | १४.१४% | ११.८९ | ८.५२% |
| १५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०६९/१२/१५ | १०.०२% | ९.६०% | २२.१८% | ९.२८ | ७.६३% |
| १६ | एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०६९/१२/१८ | १२.७९% | १४.१९% | १५.८७% | ६.९२ | ७.५२% |
| १७ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७०/०२/०३ | ६.१२% | १९.८६% | २०.२७% | १०.९२ | ६.८८% |
| १८ | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७०/०२/०५ | ९.४३% | १०.१६% | २६.६१% | ९.४४ | ९.२९% |
| १९ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/०८/०८¤ | ९.३८% | १२.१६% | ११.४८% | ८.८३ | ७.०४% |
| २० | मेरो लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७०/०४/०३ | ११.९६% | १४.९१% | २०.८८% | ७.०३ | ८.४७% |
| २१ | समता लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८१/०३/२४¤ | १३.८८% | १३.५३% | १२.७९% | ६.८२ | ७.७९% |
| २२ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड# | २०७०/०५/२६ | १८.४७% | ३.३४% | – | ५.५० | २.७३% |
| २३ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/११/२४¤ | ६.१२% | ८.१४% | २.८३% | १२.५६ | ६.५१% |
| २४ | नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०७८/०३/३०¤ | १०.१५% | ५.४५% | १४.३९% | १०.२१ | ६.६९% |
| २५ | नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७१/०४/३० | १०.६५% | ९.९६% | २७.१६% | ७.२२ | ७.७९% |
| २६ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७८/०७/१५¤ | ८.०४% | १०.६९% | १२.९८% | १२.३४ | ७.५१% |
| २७ | उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०७७/०३/२६¤ | ८.०२% | ९.३७% | २३.१०% | ११.७३ | ७.३२% |
| २८ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७२/०२/०१ | ७.७९% | १३.८०% | १५.३६% | १०.३८ | ०.९१% |
| २९ | सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | २०७२/०३/२७ | ९.११% | ५.७६% | २४.१२% | १०.१२ | ७.९१% |
| ३० | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७८/०७/३०¤ | ७.७७% | ५.५८% | ९.५५% | ११.६९ | ७.६०% |
| ३१ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/०५/१३ | ९.३१% | ६.४९% | २१.५५% | १०.८२ | ७.८६% |
| ३२ | गुराँश लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/०८/०१ | ८.२०% | ४.३२% | २०.९१% | ११.१२ | ७.९४% |
| ३३ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७३/०८/२४ | ६.०७% | १५.१०% | १३.२२% | १२.१९ | ८.३१% |
| ३४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७८/०५/०४¤ | ८.८०% | २१.३९% | २६.०७% | ९.२७ | ७.५९% |
| ३५ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७४/०२/०८ | ८.०३% | ९.८९% | १३.३९% | ११.८६ | ८.७५% |
| ३६ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८१/०३/३०¤ | ८.२१% | १७.६०% | २०.६५% | ११.०७ | ९.१०% |
| ३७ | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७७/१२/०८¤ | ८.३१% | १६.९९% | १९.९७% | ९.१८ | ८.१३% |
| ३८ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/०१/०२ | ८.२३% | २४.५६% | १३.०४% | ८.५४ | ७.३१% |
| ३९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७५/०७/०१ | ८.८१% | २.०५% | १४.२१% | १३.३५ | १०.४०% |
| ४० | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७५/०८/०१ | ८.७१% | ७.४६% | ५.८६% | १४.१० | ७.०९% |
| ४१ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७८/०९/३०¤ | ६.३८% | १९.२५% | १०.२८% | ११.२३ | ५.८४% |
| ४२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/१२/११ | ५.४७% | ९.५१% | ५.६६% | १२.६० | ८.५६% |
| ४३ | धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/११/०७ | ६.३८% | २२.४५% | ८.३८% | ११.३५ | ७.५७% |
| ४४ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७९/११/३०¤ | ६.२०% | १०.५३% | ९.९७% | १२.३१ | ६.८६% |
| ४५ | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७५/११/२१ | १२.२५% | २२.८८% | ५.७५% | ५.७० | ४.८४% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४६ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७५/१२/१२ | ७.४५% | ६.६८% | २२.४८% | १०.६५ | ७.४४% |
| ४७ | सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७५/१२/०१ | ८.९७% | ९.७९% | १९.२१% | १२.१४ | ६.७७% |
| ४८ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०८१/०३/२७¤ | ८.३०% | ८.७६% | ४.४०% | १२.८८ | ७.१०% |
| ४९ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७७/०५/२२¤ | ११.९०% | ६.६५% | १.०२% | ८.५५ | ७.९३% |
| ५० | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | २०७६/०१/०२ | १६.१२% | १४.१६% | ३२.०२% | ४.०१ | ७.३५% |
| ५१ | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७६/१०/०१ | -१२१.००% | ९९.९९% | ०.९७% | -०.८४ | २.७९% |
| ५२ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड@ | २०७६/०९/०१ | ६.६०% | ५.२६% | १३.२९% | १३.९९ | ९.९८% |
| | **जम्मा/औषत** | | **११.५३%** | **९.९५%** | **१६.१२%** | **९.३६** | **७.१९%** |

* सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्थाहरु ।

\# थोककर्जा प्रवाह गर्ने संस्थाहरु ।

@ अपरिष्कृत वित्तीय विवरणको आधारमा ।

¤ मर्जर/प्राप्ति पश्चात् प्रदान गरिएको ईजाजतपत्र अनुसारको सञ्चालन मिति

अनुसूची-३

## लघुवित्त वित्तीय संस्थाहरुको प्रगति विवरण
## (२०८२ असार मसान्त)

| क्र.सं. | संस्थाको नाम | कार्यक्षेत्र भएको जिल्ला संख्या | सेवा पुगेको जिल्ला संख्या | कुल कर्मचारी संख्या | कुल शाखा संख्या | कुल केन्द्र संख्या | कुल समूह संख्या | कुल सदस्य संख्या | कुल ऋणी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड* | ७७ | ७७ | १०४४ | १८५ | २२९०१ | ४९७८८ | ३९९९७६ | १८४२८२ |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ७३ | ६४७ | १५८ | २५७३४ | ५१३४१ | २६६४२९ | ११९२४८ |
| ३ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड* | ७७ | ६९ | १२६९ | १९७ | २६९१५ | ११९२३४ | ४२९८१६ | २४०६२१ |
| ४ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६१ | ७२२ | १५४ | १४७३२ | ६१६२८ | २६४६८२ | १४७२०७ |
| ५ | साना किसानविकास लघुवित्त वित्तीय संस्था लिमिटेड# | ७७ | ७७ | १३३ | १२ | ० | ० | ० | ० |
| ६ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६२ | ११२१ | २२५ | २२२५२ | ८७९०९ | ३०३६९७ | १२६६०६ |
| ७ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | ८ | ८ | १४० | ४३ | २६६२ | १०८८३ | ४१५५३ | २४९३१ |
| ८ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३६ | ५११ | ९० | १२९०२ | ७०७४० | १३५२७६ | ५४४७५ |
| ९ | फर्स्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड# | ७७ | २८ | १९ | २ | ० | ० | ० | ० |
| १० | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४८ | ४४३ | १०७ | ८६८५ | ३६१५४ | ८५४०३ | २९२२९ |
| ११ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १९ | १९ | १९५ | ३९ | ४१४४ | १४६०० | ४३०८५ | १४३२६ |
| १२ | सुर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५५ | ६९६ | १६७ | २००२६ | २००२६ | १८९६९६ | ७७७५३ |
| १३ | लक्ष्मी लघुबित्त वित्तीय संस्था संस्था लिमिटेड | ७७ | ५७ | ३८३ | ९० | ९०६४ | १८५१७ | १११६२ | ३४३४९ |
| १४ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३४ | ३०० | ७५ | ७५५६ | १४८९७ | ७९७४१ | ३२१३७ |
| १५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४४ | ५२७ | १३५ | १०७५७ | १९५१० | १४३७४९ | ५६९७९ |
| १६ | एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ७७ | ६७ | ५१७ | १४८ | १२८३६ | ३८७३७ | १३६३८९ | ३५८२४ |
| १७ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४० | ६९५ | १६० | १९२६४ | ५७९६३ | २८५०६६ | १२६८०२ |
| १८ | ग्लोवल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५४ | ४८६ | १२२ | १२०८१ | ४७९७३ | १५९६८४ | ६०९२९ |
| १९ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३४ | २६९ | ६४ | ६३९२ | २२१५७ | ८२९७८ | ३२२२१ |
| २० | मेरो लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६४ | ६३२ | १५० | १४५४६ | ४०९५६ | १५३६८४ | ७९२०२ |
| २१ | समता लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३३ | ३८८ | ९० | ८०२४ | २१८३६ | ११०४८६ | ४२४९३ |
| २२ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड# | ७७ | ३१ | १७ | ३ | ० | ० | ० | १११ |
| २३ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १८ | १७ | १८० | ४४ | ४०७८ | ११८०७ | ४५२२९ | १४०७५ |
| २४ | नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ७७ | ७४ | ८५४ | १८६ | १९४९६ | ३६९६८ | २४८४३५ | १२१४१९ |
| २५ | नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५६ | १०२९ | १८८ | ९१८३ | ४८७९६ | २२२५१८ | ८७२८९ |
| २६ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १३ | ८ | ८६ | २२ | ११६० | ३६१९ | १२५६९ | ४५३७ |
| २७ | उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ७७ | २८ | ३०५ | ८२ | ४६९२ | ८८११ | ७५६४० | २८१०१ |
| २८ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५६ | २७६ | ८९ | ६४४२ | २०२२१ | ७९६४६ | ३९४०९ |
| २९ | सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | १४ | ८ | ८३ | २८ | १६६७ | ४२२३ | २४७०८ | १२८३३ |
| ३० | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५३ | ४५८ | १३४ | ८५०७ | २९९४५ | १०२०८५ | ३२३५० |
| ३१ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४५ | ५१९ | १३२ | १२३६८ | ३५८२९ | १३८२७३ | ६११०८ |
| ३२ | गुराँश लघुवित्त वित्तीय संस्था लिमिटेड | १४ | १३ | ११७ | ३६ | २२३८ | ५७४४ | २२०८५ | ११६९२ |
| ३३ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २३ | २२१ | ४३ | ३४३३ | १००४८ | ३४५१४ | १६२६९ |
| ३४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ५१ | ३७१ | १०१ | १२२०५ | ९६५७ | १०७३९३ | ३४४८७ |
| ३५ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | ७ | २०२ | ३६ | २७४८ | ३२३६ | ३५८८४ | १८७१४ |
| ३६ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ४४ | ५७६ | १५६ | १४७३० | ४६६०१ | १७८७६६ | ७२५९९ |
| ३७ | एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ७४ | ९९१ | २८६ | २६४४१ | ५३९८८ | २४१५०६ | ८६६३५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३ | ४ | ३५ | ५ | ५३८ | १७७२ | ७३३० | ३४९९ |
| ३९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३८ | ३७६ | ८४ | ६८७० | २२५९७ | ८५७९४ | ३८५२८ |
| ४० | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | १४ | १५२ | ३६ | २१८२ | ११४६० | ३४३६८ | १६६८१ |
| ४१ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १० | ६ | २४९ | ४१ | ४८४० | १८७२८ | ८२३६२ | ३९५३९ |
| ४२ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ० | १२ | १६८ | ३८ | ३२१४ | ११४५७ | ४४१०८ | १९८९२ |
| ४३ | धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २४ | १९६ | ५८ | ३६६८ | १३७६२ | ४१४६६ | १५१७२ |
| ४४ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ७७ | ४८५ | १२४ | १०२१६ | ३२५८५ | १२४८८४ | ४५३१९ |
| ४५ | नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | १७ | ३१२ | ६० | ६२३४ | १५५३१ | ७५४३० | ३०५५२ |
| ४६ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८ | ५ | ५९ | १२ | ९१२ | ३३४४ | ११७३० | ५३०७ |
| ४७ | सृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | १० | १७९ | ३३ | २८२१ | ९५३६ | ४१८१९ | १९३११ |
| ४८ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ६० | ८०० | २०९ | १७६८८ | ९२१३४ | २२६४३२ | ७४१३८ |
| ४९ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | ३१ | ९६० | १६१ | १६३५८ | ९०५०९ | ३६७४२३ | २०१०६६ |
| ५० | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | ४ | ९४ | २१ | २७०० | ७३१३ | ३६५६४ | १२२४६ |
| ५१ | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड | १२ | ४ | २३ | १८ | १४४९ | ६५५३ | १४२८६ | ४९८२ |
| ५२ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७ | २१ | २०७ | ६० | २९१४ | ६८०४ | ३५४९६ | १९२०७ |
| | **जम्मा** | **७७** | **७७** | **२१७१७** | **४९३९** | **४७३४६५** | **१४७८४२७** | **६२२१२९५** | **२७०६६८१** |

* सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्थाहरु ।

\# थोक कर्जा प्रवाह गर्ने संस्थाहरु ।